नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग

# वैदेशिक श्रम स्वीकृति शाखा

ताहाचल, काठमाडौं

## जानकारी:
## श्रम स्वीकृतिको लागि अनलाईन फाराम भर्दा पूरा गर्नुपर्ने शर्तहरु

१.श्रम स्वीकृतिका लागि अनिवार्यरुपमा निवेदकले आफ्नै मोवाईल नम्वर प्रयोग गर्नुपर्नेछ ।

२.श्रम स्वीकृतिका लागि अनलाईन फाराम नि:शुल्क भर्न सकिन्छ ।

३.अनलाईन फाराम भर्दा यदि अन्य पक्ष वा व्यक्तिको सहयोग लिनुपरेमा सहजीकरण गर्ने पक्ष वा व्यक्तिले सेवा शुल्क वापत बढीमा रु. ३००।- सम्म लिन पाउनेछ ।

४.निवेदकले सामाजिक सुरक्षा कोषमा रु.२५९६/- जम्मा गर्नुपर्नेछ ।

५.निवेदकले वैदेशिक रोजगार कल्याणकारी कोषमा रु.१,५००।- जम्मा गर्नुपर्नेछ ।

६.निवेदकले म्यादी जीवन वीमा गर्नु पर्नेछ ।म्यादी जीवन वीमाको शुल्क उमेर समुह अनुसार देहाय बमोजिम रहेको छ ।

देहाय:

| बर्ष (उमेर) | वीमा वापत लाग्ने रकम रु. |
|---|---|
| १८-३५ बर्ष | रु. ३,७०८/- |
| ३६-५० बर्ष | रु. ४,९३१/- |
| ५१-६४ बर्ष | रु. ९,४६३/- |

पुनश्च:-

१.सामाजिक सुरक्षा कोषमा रकम जम्मा गरे वापत सुविधा प्राप्त गर्नको लागि कोषमा मासिक रुपमा निरन्तर योगदान गर्नुहुन अनुरोध छ ।

२.वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग वैदेशिक रोजगारीमा रहेका श्रमिकहरुको हकहित र कल्याणको लागि मात्र प्रयोग गरिनेछ ।

३.वैदेशिक रोजगारीमा रहँदा हुन सक्ने घटना वा दुर्घटना वापत तोकिए बमोजिमको सेवा सुविधा वैदेशिक रोजगार वोर्डबाट प्राप्त गर्न सकिने छ ।

४.म्यादी जीवन वीमा गरेको कागजात लगायत अन्य सम्बन्धित कागजातहरु सुरक्षित राख्नु होला ।